काठमाडौं, जि.प्र.का.
दर्ता नं २३२/०७३/०७४

www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Fortnightly Magazine पाक्षिक

सम्पूर्ण संगीत समाचारका लागि डाउनलोड गर्नुहोस्

वर्ष ८, अंक १८, २०८१ असार १ गते June 15, 2024 मूल्य रु.१५/






श्री केश ११ औं म्यूजिक खबर म्यूजिक अवार्ड सम्पन्न

## राजनराज र सत्यकला उत्कृष्ट पार्श्व गायक गायिका

## राजु र सन्जुलाई उत्कृष्ट लोकदोहोरी गायक गायिकाको अवार्ड

## पप गीतमा चेतन र चाँदनी उत्कृष्ट गायक गायिका

## सर्वोत्कृष्ट आधुनिक गायक र गायिकाको अवार्ड कर्णदास र संगीतालाई





## रिलिज कर्नर

# मन्जु पौडेलको 'विचार गर छुनलाई'मा प्रताप र स्नेहाको फिचरिङ



म्यूजिक खबर/काठमाडौं

गायिका मन्जु पौडेल र गायक प्रताप दासको स्वरमा रहेको गीत ' विचार गर छुनलाई' सार्वजनिक भएको छ। यस गीतमा गायक प्रताप दास र मोडल स्नेहा पौडेलको फिचरिङ रहेको छ। 'विचार गर छुनलाई' गीतको भिडियोबाट स्नेहाको कमब्याक भएको छ। योभन्दा अघि पनि स्नेहाले धेरै गीतमा अभिनय गरिसकेकी थिइन्। केही समय अध्ययनको क्रममा उनको सांगीतिक करिअरमा ब्रेक लागेको भए पनि यतिखेर 'विचार गर छुनलाई' गीतबाट कमब्याक भएकी हुन्। गायक प्रताप दास र मोडल स्नेहा पौडेलको जोडीको अभिनय यस भिडियोमा केमेस्ट्री मिलेको देखिन्छ।

त्यस्तै गायिका मन्जु पौडेललाई पनि 'विचार गर छुनलाई' गीत फरकपनको बनेको देखिन्छ। पौडेलका धेरै लोकदोहोरी गीतहरु चर्चामा छन्। सबै गीत लोकप्रिय बनेका छन् तर 'विचार गर छुनलाई' फरकपनको बनेको छ। गायिका मन्जु स्वर पनि यो गीतमा मिठासपूर्ण देखिएको छ। उनलाई यो गीतबाट अझै चर्चामा पुऱ्याउने देखिन्छ।

लोक आधुनिक शैलीमा बनेको यो गीतको शब्द संगीत श्रीकृष्ण बममल्लको रहेको छ। गीतको संगीत संयोजन तथा मिक्सिङ श्यामश्वेत रसाइलीको रहेको छ। प्रिज्मा स्टुडियोमा रेकर्ड गरिएको यो गीतको म्यूजिक भिडियोको निर्देशन तथा कोरियोग्राफी कविराज गहतराजको रहेको छ। दुर्गा पौडेलको छायाँकन रहेको यस भिडियोको सम्पादन नविन घर्तीमगरले गरेका छन्। यस भिडियो गायिका मन्जु पौडेलको अफिसियल यूट्युब च्यानलबाट सार्वजनिक गरिएको छ। श्रीकेश ११ औं म्यूजिक खबर म्यूजिक अवार्ड कार्यक्रमको अवसर पारेर 'विचार गर छुनलाई' सार्वजनिक गरिएको हो।

# धनेन्द्र र राधाका गजलमा गुन्जिए सन्तोष



म्यूजिक खबर/काठमाडौं

संगीतकार तथा गायक सन्तोष श्रेष्ठले एकल गजल गायनको प्रस्तुति दिएका छन्। शनिबार काठमाडौंको कालिकास्थानस्थित सर्वनाम थिएटरमा श्रेष्ठले एकल गजल गायनको प्रस्तुति दिएका हुन्। उनले आफैले संगीत दिएका गजलहरू प्रस्तुत गरेका थिए। गजलकार धनेन्द्र ओझा र राधा कँणेलका शब्द रहेको गजलहरू श्रेष्ठले प्रस्तुत गरेका छन्।

एकल 'गजल गायन' कार्यक्रम आयोजक गोल्डेन क्रिएसन र अन्तर्राष्ट्रिय नेपाली गजल मञ्चको सहकार्यमा गरिएको थियो। गजलकार ओझाका तीन र कँणेलका दुई वटा गजललाई प्रस्तुत गरिएको छ। गजल गायन कार्यक्रममा नेपाल गजल प्रतिष्ठान, यशश्वी प्रज्ञा प्रतिष्ठान, कलर क्राफ्ट, अनाम मण्डली, आधुनिक नेपाली गजल अभियान, उत्सव, शब्दघर, जरुवा, माहुरी, मध्यपश्चिमाञ्चल साहित्य परिषद्, राप्ती समाज काठमाडौं, राप्ती साहित्य परिषद्, हाम्रो मझेरी साहित्य प्रतिष्ठान, काव्यालय, गोधूलि साहित्य प्रतिष्ठान, गजल अभियान दाङ, दियालो साहित्य सरगमले श्रेष्ठलाई साथ दिएका छन्।

गजल गायन कार्यक्रममा वाद्यवादनमा तबलामा रमेश डङ्गोल, गितारमा राजकुमार समाल, बाँसुरीमा धनबहादुर गुरुङ र सारङ्गीमा खुम केसीले साथ दिएका छन्। कार्यक्रममा अग्रज साहित्यकार डा। भोजराज घिमिरे, साहित्यकार प्रोल्लास सिन्धुलीय, गजलकार डा। घनश्याम न्यौपाने 'परिश्रमी', प्रकाश समिर गजलकार बाबु त्रिपाठी, अनाम मण्डलीका अध्यक्ष रूपक अलङ्कार, आधुनिक नेपाली गजल अभियानका अध्यक्ष विपीन सलामी लगायतको उपस्थिति रहेको थियो। श्रेष्ठको सङ्गीत र गजलकार ओझाको गजल एल्बम 'शुभेच्छा'माथि वरिष्ठ सङ्गीतकार राजु सिंहले चर्चा गरेका थिए।



# एलजी सिने सर्कल अवार्ड सम्पन्न

**म्यूजिक खबर/काठमाडौं**

सिनेमा सर्कलको आयोजनामा 'एलजी सिने सर्कल अवार्ड-२०८०' सम्पन्न भएको छ। राजधानीको भद्रकालीस्थित आर्मी अफिसर्स क्लबमा हिजो शुक्रबार अवार्डको सातौं संस्करण गरिएको हो।

समारोहमा वरिष्ठ मेकअपम्यान अशोक रोक्का तथा दृष्य सम्पादक नरेन्द्र खड्कालाई 'दीर्घ साधना सम्मान' द्वारा सम्मानित गरियो। रोक्का र खड्कालाई संघसंस्थाका नेतृत्वहरु र अग्रज कलाकारहरुले जनही ५१ हजार रुपैयाँ नगद तथा सम्मानपत्रसहित दोसल्ला ओढाएर सम्मान गरेका थिए। समारोहमा बगान चलचित्रबाट अन्जु पन्तले पार्श्व गायिका विधाको अवार्ड चुमिन् भने निशान भट्टराई परदेशी-२ बाट उत्कृष्ट पार्श्व गायक घोषित भए। उक्त समारोहमा उत्कृष्ट पोस्टर, ट्रेलर, भीएफएक्स, स्टन्टआदि विधासहित विभिन्न २३ विधामा अवार्ड प्रदान गरिएको थियो। सिनेमा सर्कल नेपालका संरक्षक तथा चौधरी ग्रुपका प्रवन्ध निर्देशक उद्योगपति वरुण चौधरीले स्वागत मन्तव्य राखेका थिए भने दिनेश डिसीले कार्यक्रम सञ्चालन गरेका थिए।

कार्यक्रममा लोकप्रिय गायिका देविका बन्दना र गायक यम बरालले आफ्ना कालजयी गीतहरु प्रस्तुत गरेका थिए।

अवार्ड विजेताहरुको नामावली :

पोस्टर डिजाइनर : राकेश दाहाल (बुलाकी)
स्टन्ट : लक्ष्मण सेन्चुरी (काँडेतार)
भीएफएक्स : अनुपम गौतम शर्मा (उपहार)
पार्श्व गायक : निशान भट्टराई (परदेशी २)

पार्श्व गायिका : अञ्जु पन्त (बगान)
द्वन्द निर्देशक : श्री श्रेष्ठ (अगस्त्य)
कोरियोग्राफर : रामजी लामिछाने (नाङ्गो गाउँ)
संगीतकार : सुबास भुसाल (बगान)
निमेष श्रेष्ठ : (दिमाग खराब))
जोडी : दयाहाङ राई र मिरुना मगर (जारी)
छायांकार : सुशन प्रजापति (दिमाग खराब)
खलनायक : प्रमोद अग्रहरी (अगस्त्य)
पटकथा: उपेन्द्र सुब्बा (जारी)
नव-निर्देशक : उपेन्द्र सुब्बा (जारी)
ट्रेण्ड सेटर्स अवार्ड : रामबाबु गुरुङ (निर्देशक) तथा (प्रदीप भट्टराई)
ग्रस कलेक्सन अवार्ड : जारी

# चर्चामा 'सतीदेवी' को 'अर्को जुनीमा छोरो बनाइदेउ'

**म्यूजिक खबर/काठमाडौं**

फर्स्टलुक पोस्टरबाटै चर्चामा रहेको फिल्म 'सतीदेवी' को हालै टिजर सार्वजनीक गरियो। बिभिन्न महोत्सवमा सर्वोत्कृष्ट फिल्म, निर्देशक, स्क्रिप्ट अनि अभिनेत्रीको अवार्ड जितिसकेको 'सतीदेवी' को टिजरले अहिले सर्वत्र तारिफ पाइरहेको छ। साढे २ मिनेट लामो टिजरमा छोरीहरु मात्रै जन्मिदा समाजले हेर्ने दृष्टिकोण,अभिभावकले गर्ने भेदभाव तथा छोरीहरुले आफ्नो परिवारका लागि उठाउने जोखिमको बिषयलाई इंगीत गरिएको छ।

निर्देशक लक्ष्मण सुवेदीको लेखन, निर्माण र निर्देशनमा बनेको फिल्मको शीर्ष भूमिकामा मलिका महत छिन्। उनको साथमा फिल्ममा दुई बालकलाकार हर्षिका वली र मञ्जिला बानीयाँ, कुलबहादुर अधिकारी, सृजना अधिकारी, रमेश बुढाथोकी, भोलाराज सापकोटा, सन्दिपबाबु लोहनी, सुजिता शिबाकोटी, सन्देश लिम्बू, मनिषा सापकोटा लगायत थुप्रै कलाकारको अभिनय छ।




ओएसआर डिजिटलमार्फत दर्शकमाझ ल्याइएको टिजरमा समाबेश ' यो जुनी त यस्तै भयो,अर्को जुनी दिन्छौं भने हे इश्वर मलाई छोरा बनाइदिउ,म मेरो बा-आमाको खुशी बन्न चाहन्छु' भन्ने अभिनेत्री मलिकाको संवाद अहिले निकै चर्चामा छ। त्यसैगरी टिजरको सुरुवातमै एक पुरुष कलाकारको माध्यमबाट सतीदेवीको परिचय दिइएको छ-'नाम सतीदेवी अधिकारी। उमेर १९। हुलिया-ज्याद्रै राम्री..आम्मामा..' यो संवाद पनि युवामाझ चर्चित हुदै गइरहेको छ। त्यसैगरी, बालकलाकार हर्षिकाले रुदै रुखमा ढुंगा हान्दै बोलेको 'यी ढुंगा हाम्रो बालाई कुट्ने कुकुरहरुको टाउकै टाउकोमा लागोस्' भन्ने संवादले पनि दर्शकको मन छोएको छ। युटुयुव तथा फेसबुकमा 'सतीदेवी' को टिजरमा लगभग सतप्रतिशत सकारात्मक कमेन्ट आएका छन्। ती मध्ये अधिकांशले टिजरले भावुक बनाएको,रुवाएको,यो फिल्म हेर्नै पर्ने लिष्टमा राखेको प्रतिक्रिया जनाएका छन्।

निर्देशक सुवेदी टिजरबाट पाइरहेको दर्शकको प्रतिक्रियाबाट आफू निकै उत्साहीत भएको बताउछन्। 'जति पनि दर्शक, चलचित्रकर्मी, संचारकर्मी, आफन्तले टिजर हेर्नुभएको छ, अत्यन्तै सकारात्मक प्रतिक्रिया दिनुभएको छ,' सुवेदी भन्छन्, ' फिल्म अत्यन्तै मार्मिक बिषयमा निर्माण गरेका छौ। टिजरमा समाबेश संवाद, दृश्यहरु प्रतिनिधी हुन। पूरा कथा बुझ्न, महसुस गर्न भने साउन ४ सम्म कुर्नै पर्छ।' लेखक तथा गीतकार समेत रहेका सुवेदीले 'सतीदेवी' छोरीहरुमा समर्पित फिल्म भएको बताउछन्। 'हाम्रो समाजमा छोरा र छोरीमा हुने गरेको प्रतिनिधि घटनाहरुको प्राणयुक्त चित्र हो यो फिल्म,' उनको भनाइ छ, 'यो एउटा चलचित्र मात्रै होइन, पृथ्वीमा मानव सभ्यता रहुँञ्जेल नमेटिने पितृसत्तात्मक सोच बिरुद्धको अवाज समेत हो।'

दिलासा कृएसनले गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्नीयासँग सहकार्य गरेको फिल्मको निर्मातामा श्रीदेवी, बिशाल, दिलासा र सारा सुवेदी छन्। साउन ४ गतेबाट देशब्यापी प्रदर्शनमा आउने तयारीमा रहेको फिल्मको बितरण एफडी र रिच इन्टरटेन्मेन्ट गर्दैछ। साउन ४ मा एकल प्रदर्शनमा आउने यो फिल्म आमदर्शकको प्रतिक्षामा पर्न सफल भएको देखिन्छ।

CANARY WINE & BEVERAGES KTM. NEPAL
DK'Z WINE
National Dealer:
High Himalayan Traders
Chabahil-07, Kathmandu
hihimalayantraders@gmail.com
9801989251, 9801989254
Factory:
Chandragiri-22, Kathmandu, Nepal
DK'S Wine
Canary Wine
www.canarybeverages.com

# श्री केश ११ औं म्यूजिक खबर म्यूजिक अवार्ड सम्पन्न
# चुडामणिलाई दीर्घसाधना सम्मान



❒ म्यूजिक खबर/काठमाडौं

श्री केश ११ औं म्यूजिक खबर म्यूजिक अवार्ड २०८० मा प्रतिष्ठित गीतकार चुडामणि देवकोटालाई दीर्घ साधना सम्मान अर्पण गरिएको छ। गीतकार देवकोटालाई नगद राशि ५१ हजार रुपैयाँसहित म्यूजिक खबर दीर्घ साधना सम्मान अर्पण गरिएको। पाँच दशकभन्दा लामो समय गीतसंगीत, साहित्यमा जीवन समर्पण गरेवापत उहाँको योगदानको सम्मानमा म्यूजिक खबरले सम्मान अर्पण गरेको हो।

त्यसैगरी पप सम्राट ओम बिक्रम विष्टलाई म्यूजिक खबर डायस्पोरा संगति सम्मान अर्पण गरिएको थियो। नेपाल कला संस्कृति, गीत संगीत र साहित्यको श्रीबृद्धिमा विदेशमा रहेर पनि निरन्तर योगदान पुऱ्याएवापत उहाँलाई डायस्पोरा संगीत सम्मान अर्पण गरिएको हो। त्यसैगरी तीन दशक लामो समयदेखि गायन, संगीत र संगीत संयोजनको माध्यमले योगदान पुऱ्याउने अशोक कुमार राईलाई म्यूजिक खबर रजत संगीत सम्मान अर्पण गरिएको थियो।

म्यूजिक खबर दशक संगीत सम्मानबाट दुई जना स्रष्टलाई सम्मान गरिएको थियो। लोकप्रिय गायक राजु परियार र लोकप्रिय गायिका रिता थापा मगरलाई म्यूजिक खबर दशक संगीत सम्मानबाट सम्मानित गरिएको थियो। उहाँहरु दुई दशकभन्दा लामो समयदेखि यस क्षेत्रमा क्रियाशील रहँदै सधैं चर्चाको शिखरमा रहँदै आएका छन्। त्यस्तै लोकप्रिय गायक, सर्जक बैकुण्ठ महतलाई म्यूजिक खबर युवा प्रतिभा संगीत सम्मान अर्पण गरिएको थियो भने बाल गायक अशोक दर्जीलाई म्यूजिक खबर बालप्रतिभा प्रोत्साहन सम्मान अर्पण गरिएको थियो।

त्यस्तै तीन दशक लामो समयदेखि पत्रकारितामा क्रियाशील रहेका पत्रकार डब्बु क्षत्री र सुदर्शन प्रसाद आचार्यलाई म्यूजिक खबर संगीत पत्रकारिता सम्मान अर्पण गरिएको थियो। उनीहरुलाई नगद राशि ५५५५ रुपैयाँसहित सम्मान अर्पण गरिएको हो। त्यस्तै प्रवासमा रहेर पनि नेपालीहरुको सुखदुःखको सारथी बन्दै आएका व्यवसायी समाजसेवी विष्णु शाही ठकुरीलाई म्यूजिक खबर सामाजिक व्यक्तित्व सम्मान अर्पण गरिएको थियो।

कार्यक्रममा विभिन्न ३८ विधाका स्रष्टा, सर्जक, कलाकार हरुलाई अवार्ड प्रदान गरिएको थियो। राष्ट्रिय, पप, आधुनिक, लोकदोहोरी, चलचित्र क्षेत्रका स्रष्टा कलाकारहरुको बीचमा अवार्ड सम्पन्न भएको थियो। कार्यक्रममा मोडलद्वय नारायणी खत्री र रितु तामाङले सम्मानित स्रष्टाको गीतमा नृत्य प्रस्तुति रहेको थिए।





मोडलद्वय विजय पुन र अन्जु गुरुङको समूहको नृत्य प्रस्तुति रहेको थियो। त्यस्तै गायक रामजी खाँड, गायक मौसम गुरुङ र गायिका कालिका रोका मगरले गीत प्रस्तुत गरेका थिए। त्यस्तै गायक सुरज कुमार थापाले सम्मानितहरुको ट्रिब्यूटमा गीत प्रस्तुत गरेका थिए। कार्यक्रमको संचालन गायिका मन्जु पौडेल र पत्रकार निराजन भण्डारीले गरेका थिए।

श्री केश ११ औं म्यूजिक खबर म्यूजिक अवार्डमा विशिष्ट कला साधकहरुको सहभागिताले ११ औं वर्षसम्म निरन्तरता पाएको र गीतसंगीत क्षेत्रमा क्रियाशील स्रष्टा, कलाकारहरुलाई सम्मान तथा प्रत्साहनको कार्य गर्न पाएकोमा म्यूजिक खबर सदैव ऋणी रहेको अवार्डका अध्यक्ष सुमन पण्डितले बताए। अध्यक्ष पण्डितले कार्यक्रम सम्पन्न पार्न सहयोग पुऱ्याउने श्री केश हेयर आयल, अफिसियल टेलिभिजन प्रिज्मा टेलिभिजन, प्रयोजकहरु कृषि विकास बैंक, सूर्य नेपाल, नेपाल टेलिकम, आइआइएफटी फेसन, कामना सेवा विकास बैंक लगायतका प्रयोजकहरुलाई धन्यवाद दिएका थिए।




म्यूजिक खबर
'स्तरीय एवम् मौलिक सङ्गीतको धार – नेपाली गीतसङ्गीतको आधार'

तीन स्रोतहरुबाट मानिसको व्यवहार प्रदर्शित हुन्छ, चाहना, भावना र ज्ञान । – प्लेटो

## सम्पादकीय

# सेन्सरको अभावमा सङ्गीत

नेपालको भूगोल अनुसार विविध जातजातिको बासस्थानमा विविध रितिरिवाज र कला संस्कृति रहेको छ । नेपालभित्र रहेको कला संस्कृति विश्वसामु कमै पाइन्छ भन्ने गरिन्छ । सायद १२५ भन्दा बढी जातजातिको रितिरिवाज र कलासंस्कृति पनि फरक फरक रहेको छ । सोही कलासंस्कृति भित्र आ–आफ्नो मौलिक लोक कला रहेको पनि पाइन्छ । तिनै विविधताभित्र नेपाली सङ्गीतले पनि जग हालेर बसेको छ ।

पूर्वमा पाइने हाक्पारे, पालम, काठ क्षेत्रमा पाइने घाँसे गीत, काठे गीत, खैंजडी भजन, पश्चिम क्षेत्रमा पाइने यानीमाया, सुनिमाया, कौरा, बालन, चुट्का, सालैजो, मध्यपश्चिममा पाइने टप्पा, झ्याउरे, सखियाँ, सुदूरपश्चिममा पाइने देउडा आफैंमा मौलिकताभित्रको पनि दर्बिलो नमूना हो । यिनै मौलिक लोक संस्कृतिभित्र रहेर आजभोलिका धेरै गीतसंगीत निर्माण हुन थालेका छन् । लोक गीत वा दोहोरी गीतको जग भनेकै भेगीय मौलिकताभित्रका संगीत हुन् । यसो त यतिबेला आधुनिक संगीतमा पनि लोकलयलाई समावेश गरेर वा फ्यूजन गरेर बजारमा ल्याउने गरिन्छ । यिनै लोकलयभित्र बसेर गीतसंगीत निर्माण हुँदा पछिल्लो समय निकै विवादित विषयहरू आउने गरेको पाइन्छ ।

कानूनतः प्रतिलिपि अधिकारको विषय भएता पनि बजारमा पुरानो गीतको भाका, सूर, ताल मिल्यो भनेर विवाद चर्किने गरेको छ । त्यस्तै कति बारसम्म मिल्यो भनेर बहस गर्नेहरू पनि प्रशस्तै भेटिन्छन् । केही हुबहु भएका कारण कारवाही स्वरूप क्षतिपूर्ति भराउने र मेलोडीमा पुनः पहिलेकै स्रष्टाको नाम राखिने काम पनि नभएको होइन । मेरो गीत चोरी भयो भने विभिन्न संघसंस्थामा गएर उजुरी दिने काम पनि भइरहेकै छ । अब मौलिक गीतसंगीतको चोरीको विषयलाई लिएर बजारमा चुलिएको विवादभित्र 'सेन्सरको अभावमा सङ्गीत' भन्ने विषयले प्राथमिकता पाइरहेको छ ।

'सेन्सर' लोक गीतमा कसरी लगाउने ? लोक भनेको समाज । समाजको गीत मौलिकताभित्र पर्छ । तर चोरी भएपछि सेन्सरको आवाज आउनु, प्रतिलिपि अधिकारको आवाज आउनु स्रष्टा सजग भए भन्ने उदाहरण पनि हो । अब सबैभन्दा धेरै चोरीको विषय बनेको लोक तथा दोहोरी गीतको सेन्सरका कुराहरू पनि फिका होला कि जस्तो भइसकेको छ । एकअर्कामा चोरीको विषयलाई लिएर बजार तार्तिंदै गर्दा त्यहीभित्र छाडापनको कुरा पनि चर्चा पाइरहेको हुन्छ । कुन शब्द कस्तो परिस्थिति अनुसार गाउने भन्ने कुराको विषयमा पनि सेन्सर आवश्यक देखिएको छ । अब यो सेन्सरको विषयलाई प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय हेर्ने कि छुट्टै सेन्सर बोर्डको अवधारणामा 'सङ्गीत विकास बोर्ड'को स्थापना गर्ने ? वा गीतसंगीतमा यसरी नै छाडा लगाएर राजश्व चुहावट गरिराख्ने ? यो कुरामा सरोकारवाला र सरकारको ध्यान जानु जरूरी देखिन्छ ।

# प्रतिष्ठानको शास्त्रीय एवं परम्परागत नृत्य



**म्यूजिक खबर/काठमाडौं**

नेपाल सङ्गीततथा नाट्य प्रज्ञा-प्रतिष्ठान, नृत्य विभागद्वारा शास्त्रीय एवं परम्परागत नृत्य प्रस्तुति-२०८१ जमलस्थित सांस्कृतिक संस्थानमा सम्पन्न गरेको छ ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छलीको प्रमुख आतिथ्यतामा जेठ २८ गते आयोजित शास्त्रीय एवं परम्परागत नृत्य प्रस्तुति-२०८१मा विभिन्न शास्त्रीय एवं परम्पारगत नृत्यहरु प्रस्तुत गरिएको थियो । पिस कल्चर ग्रुपबाट सनब खड्गी एवं संगीता खड्गीले नेपालको परम्परागत भैरवकाली नृत्य प्रस्तुत गर्नुभयो । यस्तै एस्थेटिक डान्स स्टुडियोबाट नृत्याङ्गना नम्रता के.शीले कथक नृत्यमा आधारित तीन वटा नृत्य प्रस्तुति दिनुभयो ।

सौजन रघुवशीं तथा प्रमिला श्रेष्ठले बंगामुखी, ऋतु रङ्ग लगायत पाँछ वटा भरत नाट्यम आधारित रहेर नृत्य प्रस्तुति दिनु भयो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हर्ताम्छलीले कार्यक्रम सार्थक र उपलब्धिमूलक भएको बताउँनु हुँदै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान कला र संस्कृतिको संरक्षणका लागि संयुक्त रुपमा अघि बढ्नु पर्ने बताउनु भयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति एवं कार्यक्रमका सभाध्यक्ष शम्भु राईले लोप हुने अवस्थामा पुगेका कला संस्कृतिलाई यस प्रज्ञा प्रतिष्ठानले विविध प्रदर्शनमुलक कार्यक्रम तथा अध्ययन अनुसन्धानका माध्यमबाट सङ्ग्रहित गरिरहेको जानकारी गराउँदै नेपाली कला र संस्कृतिको क्षेत्रमा भएका विकृति र विसङ्गतिलाई नियमन गर्ने निकाय नरहेको अवस्थामा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान मार्फत नियमन र नियन्त्रण गर्न सकिने बताउनुभयो ।

कार्यक्रममा बोल्दै नृत्य विभाग प्रमुख एवं कार्यक्रम संयोजक बखतबहादुर हमालले उद्देश्यमाथि प्रकाश पार्नु हुँदै नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले प्रदर्शनमूलक तथा अध्ययन र अनुसन्धानात्मक कार्यलाई सँगसँगै लिएर अगाडि बढिरहेको बताउनु भयो ।

सञ्चारकर्मी हरि पुनले सञ्चालन गर्नुभएको कार्यक्रममा सांस्कृतिक संस्थानका महाप्रबन्धक किरण बाबु पुन, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव कुश्मा महरा, प्राज्ञ परिषद सदस्य टिका पुन, कर्ण गौतम, हिसनबहादुर मगर, डक्टर किरात, वरिष्ठ नृत्य निर्देशक भैरवबहादुर थापा, के.पी पौडेल, राधेश्याम प्रधान, नारायणदेवी प्रधान, जोगेन्द्र केसी, आरसी कोइराला, वरिष्ठ समालोचक ईश्वरचन्द्र ज्ञवाली, अध्यता गोविन्द खनिया, नृत्य निर्देशक संघका उपाध्यक्ष शम्भु शाही, जनसांस्कृतिक संघ नेपालका अध्यक्ष भीम मल्ल कुमाखी लगायत लालिगुराँस नेशनल एकेडेमी, एन्जल हार्टस् स्कूल तथा स्वेत सदनका विद्यार्थीहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।



# 'राष्ट्रिय लोक गीत प्रस्तुति-२०८१' सम्पन्न
## सातै प्रदेशका लोक गीतको प्रतिनिधित्व



**म्यूजिक खबर/काठमाडौं**

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, लोक सङ्गीत विभागद्वारा आयोजित राष्ट्रिय लोक गीत प्रस्तुति-२०८१ सम्पन्न भएको छ । नेपाल सङ्गीततथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भु राईको अध्यक्षता तथा नेपाल सप्रतिनिधि सभाको उपसभामुख इन्दिरा रानाको प्रमुख आतिथ्यतामा जमलस्थित सांस्कृतिक संस्थानमा जेठ ३२ गते राष्ट्रिय लोक गीत प्रस्तुति-२०८१ कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा नेपालका सातवटै प्रदेशको लोक गीतको प्रतिनिधित्व हुने गरी कलाकार हरुले दशवटा लोक गीतको प्रस्तुति दिएका थिए । कोशीप्रदेशबाट मुना ठटालले लिम्बु समुदायको केलाङ भाका प्रस्तुत गरिन् भने निरता नेवाङले पालम भाकाको लोक गीत प्रस्तुत गरिन् ।

त्यस्तै मधेश प्रदेशबाट हरिशंकर चौधरीले मैथिली भाषामा लोक गीत प्रस्तुत गर्नु भयो । बागमती प्रदेशलाई प्रतिनिधित्व गर्दै रामकुमार नेपाली र समूले दर्जी गीत प्रस्तुत गर्नुभयो । वरिष्ठ गायक खड्ग गबुर्जा तथा प्रतिमा विश्वकर्माले गण्डकी प्रदेशमा प्रचलित कौरा भाकाको प्रस्तुति दिए ।

यसैगरी लुम्बिनी प्रदेशबाट कलाकारहरुले रुकुम रोल्पामा प्रचलित साहिँली भाकाको लोक गीत प्रस्तुतगर्नुभयो । कलाकार कृष्ण रेउलेले मयालाई भाकामा कर्णाली प्रदेशको लोक गीत प्रस्तुत गरे । कर्णाली प्रदेशमा बढि प्रचलित यानिमाया भाकालाई कलाकार धनराज चुनाराले मञ्चमा प्रस्तुत गरे ।

सुदुरपश्चिम प्रदेशको प्रतिनिधित्व गर्दै कलाकार राजाराम भाटले ठाडी भाका तथा दिपा रोकाया र रुपक परियारले देउडा भाका प्रस्तुतगर्नु भयो । कार्यक्रमको अन्तिम प्रस्तति स्वरुप गायक कृष्ण रेउले, गायिका राधिका हमाल तथा गायिका शीला आलेले लोक दोहीरी प्रस्तुत गरी दर्शकलाई मनोरञ्जन दिएका थिए । कार्यक्रमालाई सम्बोधन गर्दै प्रमुख अतिथि प्रतिनिधि सभा उपसभामुख इन्दिरा रानाले नेपालीलोक गीतमा हरेक समुदायका कथाव्यथालाई समेटिएको हुने बताउँदै लोक कला संस्कृतिको संरक्षण र संवर्द्धनका लागि आफ्नो ठाउँबाट पहल गर्ने बताइन् ।

कार्यक्रममा बोल्दै उपकुलपति शम्भु राईले लोक सङ्गीतमा मान्छेको रहनसहन र जीवन पद्धति हुने बताउनु हुँदै नेपाली कला जर्गेनाका लागि र एक अर्काको अस्तित्व स्वीकार्नका लागि पूर्वका पालम गाउने कलाकारले पश्चिमको देउडा, पश्चिमका ठाडी भाका गाउने कलाकारले पूर्वको धान नाच नाच्नु पर्ने र मधेशले हिमालका गीत र हिमालले मधेशको गीत गाउनु पर्नेमा जोड दिए । कार्यक्रममा स्वागत मन्तव्य प्राज्ञ परिषद तथा कार्यक्रम संयोजक टिका पुनले प्रज्ञा प्रतिष्ठानले स्थानीयतह र प्रदेशसँग समन्वय र सहकार्य गर्दै अगाडि बढिरहेको बताउनुका साथै आगामी दिनमा अझ वृहत रुपमा यस्ता कार्यक्रमहरुलाई निरन्तरतादिने बताइन् ।

कार्यक्रममा प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव कुश्मा महरा, सांस्कृतिक संस्थानका महाप्रबन्धक किरण बाबु पुन, प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य बखतबहादुर हमाल, प्राज्ञ कर्ण गौतम, प्राज्ञ हिसनबहादुर मगर, प्राज्ञ कला राई, प्राज्ञ राधा राई, प्राज्ञ महेश्वर सुनार, नृत्य निर्देशक संघ नेपालका अध्यक्ष भुवन दास श्रेष्ठ, जन सांस्कृतिक महासंघ नेपालका अध्यक्ष भीम कुमाखी मल्ल, वरिष्ठ गायक दुर्गा रायमाझी, वरिष्ठ गायक राजु परियार, गायिका राधिका हमाल, शिला आले, गायक चिरन पुन लगायत विशिष्ट व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।






# पप गीतमा चेतन र चाँदनी उत्कृष्ट गायक गायिका

श्री केश ११ औं म्यूजिक खबर म्यूजिक अवार्डमा गायक चेतन राई र गायिका चाँदनी शाक्य उत्कृष्ट गायक गायिका घोषित भए । सर्वोत्कृष्ट पप/लोकपप गायक चेतन राई -तिमी धून बन, सर्वोत्कृष्ट पप/लोकपप गायिक चाँदनी शाक्य -आकाशमा बोलको गीतबाट उत्कृष्ट घोषित भएका हुन् । त्यसैगरी सर्वोत्कृष्ट पप/लोकपप गीतकार मोहित मर्दन थापा -विहानी पख चरीले, सर्वोत्कृष्ट पप/लोकपप संगीतकार लेखु सहयात्री -माया र मोह उत्कृष्ट बन्न सफल भएका छन् भने पपुलर गायक अफ दि इयर पप गीततर्फ मेरो क्रस हौ तिमी रमेशराज भट्टराईले चुम्न सफल भए । त्यस्तै सर्वोत्कृष्ट राष्ट्रिय भावको गीततर्फ एक मुठी सास गीतबाट उमेश लम्साल उत्कृष्ट घोषित भए ।









# राजनराज र सत्यकला उत्कृष्ट पार्श्व गायक गायिका घोषित

चलचित्र विधातर्फ सर्वोत्कृष्ट चलचित्र पार्श्वगायक राजनराज शिवाकोटीले चलचित्र प्रसाद २ को मार्सीधान गीतबाट उत्कृष्ट गायक घोषित भए भने गायिका सत्यकला राई काँडेतार चलचित्रको शीर्ष गीत काँडेतारबाट उत्कृष्ट पार्श्वगायिकाको अवार्ड चुम्न सफल भए । सर्वोत्कृष्ट चलचित्र गीतकार शंकर अधिकारी घायल चलचित्र छक्कापञ्जा- ४को गीत -सिरुपाते जुँगामाबाट उत्कृष्ट चलचित्र गीतकार बन्न सफल भए भने सोही गीतबाट बाबुल गिरीले सर्वोत्कृष्ट चलचित्र संगीतकारको अवार्ड चुम्न सफल भए ।














## नेपाल माइक्रोबस कम्पनी प्रा.लि.

हाम्रो सेवाहरु

इलाम, पशुपतिनगर, काँकडभिट्टा, बुधबारे, गौरिगन्ज, विराटनगर, चतरा, चक्रवर्ती, राजविराज, जनकपुर, बेल्टार सम्म जानको लागि जम्बो A/C र हायसको टिकट पाइन्छ ।

कोटेश्वर सम्पर्कः ०१५१००८८०
९८५१००३३७०, ९८१३६३९३२३,
९८४१८५१९०४

## नेपाल माइक्रो कम्पनी प्रा.लि.

## टिकट काउन्टर

नयाँ बसपार्क, पूजाकोठी (पेट्रोलपम्प नजिक)
सम्पर्कः ४३८७१६३, ९८४१३१०३१५



काठमाडौंबाट बर्दिबास, धरान, इटहरी, विराटनगर, पोखरा, वेशीशहर, नुवाकोट, विराटनगरदेखि काँकडभिट्टासम्मको माइक्रोबसको टिकट बुकिङ गरिन्छ ।

## एकै छानामुनी

-अडियो/भिडियो
-कभर डिजाइन एण्ड प्रिन्टिङ
-डबिङ एण्ड प्याकिङ
-मिडिया प्रमोशन
-विमोचन कार्यक्रम

शुभकामना मिडिया सोलुशन
पुतलीसडक, काठमाडौं ०१-४०१०५४५

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक
'स्तरीय एवम् मौलिक सङ्गीतको धार – नेपाली गीतसङ्गीतको आधार'

# राजु र सन्जुलाई उत्कृष्ट लोकदोहोरी गायक गायिकाको अवार्ड

श्री केश ११ औं म्यूजिक खबर म्यूजिक अवार्डमा लोकदोहोरी विधातर्फ गायक राजु गुरुङ र गायिका सन्जु न्यौपाने उत्कृष्ट गायक गायिका बन्न सफल भए । गायक राजु गुरुङले डुम्रे बजार गीतबाट अवार्ड चुम्न सफल भएका थिए भने गायिका सन्जु न्यौपानेले लामो कपाल बोलको गीतबाट अवार्ड उचालेकी हुन् ।

लोक विधातर्फ सर्वोत्कृष्ट लोकगीत गीत पुरुष विरही कार्कीले एक्लै भयो पिपलु गीतबाट अवार्ड चुमे भने सोही विधाको महिलातर्फ गायिका अन्जु श्रेष्ठले नहेरन त्यसरी कान्छा गीतबाट अवार्ड चुमिन् ।








त्यस्तै सर्वोत्कृष्ट कल्चरल गीत गायकतर्फ सागर गुरुङले रोधीघरमा जोर मादल (सालैजो) गीतबाट अवार्ड चुम्न सफल भए भने सर्वोत्कृष्ट कल्चरल गीत गायिकातर्फ सुमन थापा मगरले थर दिन्छौ र (पन्चेबाजा) गीतबाट अवार्ड चुम्न सफल भएकी हुन् । त्यस्तै सर्वोत्कृष्ट कल्चरल गीत 'माइली' (कौरा) गीतबाट गायक मौसम गुरुङ र गायिका पूर्णकला बिसीले अवार्ड चुम्न सफल भए । सर्वोत्कृष्ट लोकदोहोरी नवप्रतिभा पुरुषको अवार्ड गायक सचिन भट्टराईले बनमा स्याउला छ गीतबाट चुम्न सफल भए भने सर्वोत्कृष्ट लोकदोहोरी नवप्रतिभा महिलातर्फ सपना सुनामले सुन साँईली गीतबाट अवार्ड चुम्न सफल भइन् ।

सर्वोत्कृष्ट लोकदोहोरी संगीत संयोजक डोलराज बाह्रघरेले पङ्कोके भोराबाट अवार्ड उचाले भने सर्वोत्कृष्ट लोकदोहोरी सम्पादन एचबीएन किस्मतले बनमा खयर गीतबाट अवार्ड उचाले । सर्वोत्कृष्ट शब्द लोकदोहोरीतर्फ रमेश परियारले बनमा खयर गीतबाट अवार्ड चुम्न सफल भए । सर्वोत्कृष्ट भाका लोकदोहोरी विमल परियारले कहाँको साइनो गीतबाट अवार्ड उचाले भने पपुलर गायक अफ दि इयर लोकदोहोरीतर्फ मैसाफ गीतबाट सुमन परियारले अवार्ड उचाले । त्यस्तै सर्वोत्कृष्ट प्रत्यक्ष दोहोरी गायक सागर बिसी भए भने सर्वोत्कृष्ट प्रत्यक्ष दोहोरी गायिका सिता परियार बन्न सफल भए ।

लोकदोहोरी गीतको भिडियोतर्फ नारायणी खत्रीले सर्वोत्कृष्ट लोकदोहोरी मोडल महिलातर्फको अवार्ड चुम्न सफल भइन् । मोडल नारायणी खत्रीले माया रैनछ गीतबाट अवार्ड चुम्न सफल भइन् भने सर्वोत्कृष्ट लोकदोहोरी मोडल पुरुषतर्फ विजय पुनले जुन माया गीतबाट अवार्ड चुमे । सर्वोत्कृष्ट लोकदोहोरी म्यूजिक भिडियो निर्देशक दिपेन्द्र तिमिल्सिनाले घर त गैरी गाउँ गीतबाट अवार्ड चुम्न सफल भए ।



















# सर्वोत्कृष्ट आधुनिक गायक र गायिकाको अवार्ड कर्णदास र संगीता रानालाई




त्यसैगरी आधुनिक विधातर्फ सर्वोत्कृष्ट म्यूजिक भिडियो छायाँकार दुर्गा पौडेल -भीर माहुरी, सर्वोत्कृष्ट सम्पादक विष्णु खड्का -शीरफूल, सर्वोत्कृष्ट भिडियो निर्देशक पप आधुनिक बबिता श्रेष्ठ -कस्तो थिएँ, सर्वोत्कृष्ट भिडियो मोडल महिला पप आधुनिक अनिता गिरी -सम्झनामा ताजमहल, पब्लिक च्वाइस अवार्ड आधुनिक गीत मोडल सरस्वती खत्री -तिम्लाई आफ्नो ठान्नु, सर्वोत्कृष्ट म्यूजिक भिडियो मोडल पुरुष पप आधुनिक दिक्पाल कार्की -अधुरो सपना, सर्वोत्कृष्ट नवप्रतिभा पप आधुनिक पुरुष प्रचण्ड राई -दिल खोलेर कुरा गर न, सर्वोत्कृष्ट नवप्रतिभा पप आधुनिक महिला विमला गुरुङ -जूनको किरण, सर्वोत्कृष्ट युगल गायन उदय सोताङ-मनिला सोताङ -नजाउ परदेश, पब्लिक च्वाइस अवार्ड युगल गायन निमा शेर्पा-सुरक्षा सेन्चुरी -भन आज, सर्वोत्कृष्ट संगीत संयोजक आधुनिक शाहस शाक्य -आजभोलि तिम्रो मेरो, सर्वोत्कृष्ट ध्वनि मुद्रक आधुनिक विप्लव अधिकारी -एक चिम्टी सिन्दूर, सर्वोत्कृष्ट गीतकार आधुनिक डि.आर -नजाऊ परदेश, सर्वोत्कृष्ट गीतकार महिला किस्ना आचार्य रोशनी-याद, जुरी अवार्ड गीतकार महिला संचिता कर्माचार्य -प्रतिक्षा, इन्करेजमेन्ट अवार्ड गीतकार सिर्जना मञ्जरी -मेरी भूपू माया, सर्वोत्कृष्ट संगीतकार आधुनिक सुरज कुमार थापा -तिमी दुख्दा, जुरी अवार्ड संगीतकार आधुनिक सरोज कोइराला -एक चिम्टी सिन्दूर, सर्वोत्कृष्ट गायक आधुनिक कर्ण दास-प्रतिक्षा, सर्वोत्कृष्ट गायिका आधुनिक संगीता राना प्रधान -आँसुका कथा सर्वोत्कृष्ट डायस्पोरा गीतकार कुमार शिवाकोटी -भिजाएर आँसु, म्यूजिक प्रोड्यूसर अफ दि इयर सूर्य मगर- सूर्य क्रियशन प्रा.लि.ले अवार्ड चुम्न सफल भएका थिए।







कार्यक्रममा सम्मानित गीतकार राजेन्द्र थापा, सम्मानित गायिका तीर्थ कुमारी थापा, प्रतिष्ठत कवि तथा पूर्व मन्त्री एसपी कोइराला, पूर्वमुख्य सचिव बिमल कोइराला, उपरथी डा.आशबहादुर तामाङ, वरिष्ठ निर्देशक गीतकार प्रकाश सायमी, प्रतिष्ठित अभिनेत्री भुवन चन्द, बसुन्धरा भुसाल र चैत्यदेवी सिंह, वरिष्ठ पत्रकार विजयरत्न तुलाधर, प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका पूर्व रजिष्ट्रार विसु कुमार केसी, वरिष्ठ गायिका देविका बन्दना, वरिष्ठ साहित्यकार राधेश्याम लेकाली, वरिष्ठ निर्देशक, गायक तथा संगीतकार नारायण रायमाझी, आवाजको दुनियाँको साथी दिनेश डिसी, चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौला, गीतकार संघ नेपालका अध्यक्ष वसन्त वित्यासी थापा, रेडियो नेपाल बोर्ड सदस्य सिताराम पोखरेल, नेपाल सांगीतिक संघका अध्यक्ष मिलन मोक्तान, चलचित्र कलाकार संघका उपाध्यक्ष गोपालकाजी कायस्थ, नेपाल टेलिभिजन बोर्ड सदस्य शवनम मुखिया, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका पूर्व अध्यक्ष गायक दुर्गा रायमाझी, पूर्वअध्यक्ष गायक बद्री पंगेनी, पूर्व अध्यक्ष गायक चन्द शर्मा, एभरेष्ट कल्चरल ग्रुपका अध्यक्ष आरसी कोइराला, संगीतकर्मी उज्ज्वल जंग ठकुरी, तमु कलाकार संघकी अध्यक्ष शर्मिला गुरुङ, संगीत उद्योग संघका अध्यक्ष सूर्य मगर लगायतको विशिष्ट कला साधक एवं संघसंस्थाका प्रतिनिधिहरुको बाक्लो उपस्थिति रहेको थियो।

































11th MUSIC KHABAR


11th MUSIC KHABAR


11th MUSIC KHABAR MUSIC AWARDS 2080






11th MUSIC KHABAR


11th MUSIC KHABAR


11th MUSIC KHABAR


11th MUSIC KHABAR




11th MUSIC KHABAR




Loan
ADBL Smart Plus











म्यूजिक खबर
www.musickhabar.com
Musickhabar Fortnightly Magazine पाक्षिक



# गीतकार संघको स्थापना दिवसका अवसरमा डा. रिजाललाई "अमर भावना राष्ट्रिय स्रष्टा सम्मान"




❒ **म्यूजिक खबर/काठमाडौं**

गीतकार सङ्घ नेपालले १५ औं स्थापना दिवस भव्यताका साथ मनाएको छ। स्थापना दिवसको अवसरमा संघले आज (सोमबार) 'राष्ट्रिय स्रष्टा सम्मान एवं पुरस्कार वितरण कार्यक्रम- २०८० ' कार्यक्रम गरि मनाएको हो । राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा आयोजित कार्यक्रममा संस्कृति, तथा नागरिक उड्डयन मन्त्री हित बहादुर तामाङको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा बिशिष्ट गीतकार डा. भोला रिजाललाई 'अमर भावना राष्ट्रिय स्रष्टा सम्मान-२०८०'द्वारा सम्मानित गरियो । प्रमुख अतिथि मन्त्री रहेका तामाङले गीतकार डा. रिजाललाई एक लाख ५१ हजार रुपैयाँ सहित माला र र ताम्रपत्रद्वारा सम्मान अर्पण गरेका थिए।

त्यसैगरी, मैथिली गीतकार अशोक दत्तलाई २५२५२ नगद राशि सहित 'विष्णु मनसरा मातृभाषा २०८०' प्रदान गरिएको थियो । यस्तै सोहि समारोहमा अमेरिकामा कार्यरत पद्मा लिंखा मगरलाई १५ हजार राशिसहितको 'वर्ष डायस्पोरा गीतकार सम्मान' प्रदान गरियो ।

त्यस्तै, 'भैरवनाथ रिमाल (कदम) वर्ष गीत पुरस्कार पुरस्कार-२०८०' मा छनौटमा परेका १० गीत मध्येबाट दुई गीत पुरस्कृत भए। मदनमाबो लिखित 'आमा' र विष्णु भण्डारी लिखित 'चाहना हो तिमी मेरो' पुरस्कृत भएका हुन् । माबो र भण्डारी जनही २८ हजार पाँच सय रुपैयाँसहित पुरस्कृत भएका हुन् । गीतकार संघमा आवद्ध सदस्यहरुले २०८० सालका लागि दर्ता भई छनौटमा परेका १० गीतबाट यी दुई गीत उत्कृष्ट भएका हुन्।

छनौटमा मदन माबोको आमा, विष्णु भण्डारीको चाहना हो, डा.ओमकृष्ण प्रसाईंको पिता, ध्रुव खनालको रानी तालको, ज्ञान प्रसाद भट्टराईको माटोको माया, सियरा आचार्यको तिमीलाई, किसन सुवेदीको मुटु रेटियो, सबिता पोखरेलको एक चिम्टी सिन्दूर, डा.विष्णुमूर्ति भट्टराईको मुटुमै घाउ र शान्तिराम भट्टराईको नजरको वाण गीत रहेका थिए।

यस वर्षको 'जगतमर्दन थापा वर्ष गीत पुस्तक पुरस्कार-२०८० ' बाट दुई गीति पुस्तक पुरस्कृत भए। गीतकार पूर्णबहादुर साउद शिरिष लिखित 'आधाआधी' र जनक वाग्ले लिखित 'मैना चरी कहाँ गई' पुरस्कृत भएका हुन्। साउद र वाग्लेलाई जनही २८ हजार पाँच सय रुपैयाँसहित पुरस्कृत गरिएको थियो।

कार्यक्रममा प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन माननीय मन्त्री हित बहादुर तामाङले समारोहलाई सम्बोधन गर्दै गीतकार संघ र समग्र कलाकारिता क्षेत्रमा आफूले सक्ने सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए । यस्तै, सम्मानीत अग्रज गीतकार डा. भोला रिजालले 'गीतकार संघले आफूलाई दिएको यो सम्मानले अझ उर्जाशील बनाएको बताए। उनले दराजमा राखिएका पाण्डुलिपीहरुलाई अब चाँडै मूर्तरुप दिने बताए।

कार्यक्रममा गीतकार बिशिष्ट गीतकार राजेन्द्र थापाले संघको प्रशासनिक पक्षलाई मजबुत बनाउन अझै सोच्नु पर्ने बताए। त्यस्तै ६० वर्ष सम्म नियमित कलम चलाएकार गीतकार रिजाललाई सम्मान गर्न झण्डै ढिला भएको जिकिर सहित बधाई तथा शुभकामना दिए । । त्यस्तै समारोहलाई सम्बोधन गर्दै संगीतकार संघ नेपालका अध्यक्ष तथा प्राज्ञ चेतन सापकोटाले गीतकार र संगीतकारहरु राज्यका 'आविश्कारक' भएको बताए। उनले भने- गीतकार र संगीतकार नभए समाज संस्कृती ठप्प हुन्छ यसर्थ राज्यले गीतकार र संगीतकार लागि सुविधा सहितको योजना ल्याउनु पर्ने बताए।

यस्तै संघका सल्लाहकार एवं अक्षयकोषका संरक्षक अमर बान्तुले भोला रिजाल जस्तो व्यक्तित्वलाई सम्मान गर्न पाउँदा सम्मानकै थप उचाई बढेको बताए । त्यसैगरि प्रतिलिपी रजिष्ट्रार कार्यालयकी प्रमुख पूण्यमाया गुरागाईंले







कार्यक्रमलाई सम्बोधन गर्दै गीत संगीतका क्षेत्रमा आफू नयाँ भएता पनि पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन्।

कार्यक्रममा गीतकार संघका संस्थापक अध्यक्ष कृष्णहरि बराल, गीतकार एवं पूर्व अर्थमन्त्री एसपी कोइराला, पुर्व अध्यक्ष एवं सल्लाहकार चुडामणी देवकोटा, अग्रज गीतकार विश्ववल्लभ, लगायतको आतिथ्यता रहेको थियो।

समारोहका सभा अध्यक्ष एवं संघका अध्यक्ष वसन्त वित्यासी थापाले संघद्वारा सम्मान गर्ने संस्कारलाई निरन्तरता दिएको बताए। उनले गीतकारहरुलाई राज्यबाट नीतिगत रुपमै सम्बोधन हुनु पर्ने उल्लेख गरे । कार्यक्रमा यो वर्ष संघको आजिवन सदस्यता लिएकाहरुलाई प्रमाणपत्र समेत प्रदान गरिएको थियो। समारोहमा गीतकार संघ नेपालका कोषाध्यक्ष चेतन खतिवडाले स्वागत मन्तव्य राखेका थिए भने संघका उपाध्यक्ष रमेश कोइरालाले कार्यक्रम सञ्चालन गरेका थिए।

# राष्ट्रिय युवा गायन प्रतियोगितामा दिपकराज प्रथम



**म्यूजिक खबर/काठमाडौं**

नेपाल सरकार, युवा तथा खेलकूद मन्त्रालय, राष्ट्रिय युवा परिषद् सानोठिमी भक्तपुरको आयोजना र मिसन सञ्चार मल्टिमिडीया प्रा.लि. काठमाण्डौंको सह-आयोजनामा भएको 'राष्ट्रिय युवा गायन प्रतियो मकवानपुरका दिपकराज कालीराज प्रथम भएका छन् । त्यस्तै धनुषाका राजा राजपुत द्वितिय र रुपन्देहिका सुरज खातीले तृतिय स्थान हाँसिल गर्न सफल भएका छन् ।

यस गायन रियालीटी सोमा १६ वर्ष कटेका ४० वर्ष ननाघेका देशै भरिबाट आधुनिक, लोक र पप विद्यामा अभिरुची राख्ने ६५ जना युवाहरुले आफूले गाएर भिडियो पठाएका थिए । उक्त डिजिटल अडिसनमा सहभागी प्रतिष्पर्धी मध्येबाट २१ जना युवा प्रतिभाहरुलाई छनौट गरि फिजिकल अडिसन अर्थात फिजिकल प्रतिष्पर्धाका लागि राजधानी काठमाडौं बोलाइएको थियो । सोहि २१ जना प्रतिष्पर्धी मध्येबाट टप ९, टप ९ प्रतिष्पर्धीबाट टप ६, टप ६ प्रतिष्पर्धी मध्येबाट टप ३ छनौट गरि पुनः टप ३ प्रतिष्पर्धी बीच कडा प्रतिष्पर्धा गराई प्रथम, द्वितिय र तृतिय बिजेता घोषणा गरिएको थियो ।

उक्त राष्ट्रिय युवा गायन प्रतियोगितामा संगीतकार वी.पी. वाग्ले, लोक गायीका देवी घर्ती मगर र गायक भद्र वलीले निर्णायकको भूमिका निभाएका थिए । डिजिटल राउन्डमा भने यी संगीतकार वाग्ले, गायिका घर्ती र गायक वलीसँगै गायिका सन्जु न्यौपाने लगायतका निर्णायकमा रहेकी थिइन् । विजेताहरुलाई एक एक नयाँ गीत रेकर्डसमेत गराइनेछ । उक्त रेकर्ड गरिने नयाँ गीतको शब्द रचनाका लागि गीतकार बी.पाण्डे, सुमन बैरागी र गणेश सुवेदीलाई साथै संगीत भर्नकालागि संगीतकार वि.पी. वाग्लेलाई जिम्मेवारी दिइएको थियो । कार्यक्रमको अध्यक्षता मिसन सञ्चार मल्टिमिडिया ग्रुपकी अध्यक्ष पार्वती चापागाईंले गरेकी थिइन् । संचालन वरिष्ठ संचारकर्मी हेम सुवेदीले गरेका थिए भने कार्यक्रमको प्रमुखको रुपमा रोशन सुवेदीले भूमिका निभाएका थिए ।

नेपाल पर्यटन बोर्डको हलमा संचालीत उक्त राष्ट्रिय युवा गायन प्रतियोगिताको समापन समारेहको अवसरमा राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतको अतित्थ्यतामा विगत लामो समय देखि पत्रकारिता क्षेत्रमा योगदान दिएका पत्रकारहरुमध्ये फोटो पत्रकारितातर्फ कान्तिपुरकर्मी प्रकाशचन्द्र तिमिल्सिना, पर्यटन तर्फ रा.स.स. कर्मी सि.बी. अधिकारी, कला साहित्य तर्फ गोरखापत्रकर्मी सुकृत नेपाल, चलचित्र अनलाइन पत्रकारिता तर्फ नवीन गीरी, देशप्रेम सप्ताहिककर्मी तारा सुवेदी, आलोचना साप्ताहिककर्मी गंगा वराल र स्पेश फोरके कर्मी विनिता कुँवर क्षेत्रीलाई कदर पत्र प्रदान गरिएको थियो ।



कला, साहित्य संगीत तथा सामाजिक क्षेत्रका उच्च व्यक्तित्वहरुको बाक्लो उपस्थितिमा नेपाल सरकार, युवा तथा खेलकूद मन्त्रालय, राष्ट्रिय युवा परिषद सानोठिमी भक्तपुरका प्रतिनिधिहरु सहित कार्यकारी उपाध्यक्ष सुरेन्द्र वस्नेतले उक्त राष्ट्रिय युवा गायन प्रतियोगिताको बिजेता दिपकराज कालीराजलाई बिजेताको ट्रफी, प्रमाणपत्र हस्तान्तरण गर्दै "युवा लक्षित यस्ता सृजनात्मक प्रतिस्पर्धाले देशका कुना कन्दरामा लुकेर रहेका प्रतिभाशाली युवाहरुलाई आफ्नो प्रतिभा देखाउने र यस्तो प्लेटफर्म मार्फत अगाडि बढन सहज हुने" भन्दै युवाहरुलाई अभिप्रेरित गरेका थिए । यसैगरि सह-आयोजक मिसन सञ्चार मल्टिमीडिया ग्रुपकी अध्यक्ष पार्वती चापागाईद्वारा बिजेताहरुलाई नयाँ गीत रेकर्डिङको लागि सम्झौता पत्र प्रदान गरिएको थियो । साथै समाजसेवी तथा सल्लाहकार गेहेन्द्र प्रसाद ढकाल तथा कार्यक्रमका निर्देशक दियोजित वली, क्रियटीभ निर्देशक मोनिका सुवेदी, सह निर्देशक शितल वाग्ले र सह क्रियटीभ निर्देशक गणेश पोखरेलले कार्यक्रम सफल बनाउन अग्रणी भूमिका निर्वाह गरेका थिए ।

## क्यान्सर रोग लाग्नबाट बच्ने उपाय

- मदिरा, धुम्रपान तथा सुर्तिजन्य वस्तु सेवन नगरौं,
- खानपानमा ध्यान पुऱ्याऔं,
- पर्याप्त व्यायाम गर्ने गरौं,
- सक्रिय जीवनशैली अपनाऔं,
- बोसोयुक्त मासु नखाऔं,
- तारेको, झानेको, पोलेको खाना नखाऔं,
- गालेका तथा पुराना अचार कम खाऔं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,
- सरसफाईमा विशेष ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

म्यूजिक खबर
www.musickhabar.com
Musickhabar Fortnightly Magazine पाक्षिक



# 'कथा अनुसार अभिनय गर्नु मेरो कर्तव्य हो'



■ म्यूजिकखबर/काठमाडौं

म्यूजिक भिडियो मोडलिङमा होस् या विज्ञापनमा यतिबेला भने व्यस्त बनेको नाम हो सजिना लामिछाने । म्यूजिक भिडियो, लघुचलचित्रमार्फत मोडलिङ प्रवेश गरेकी मोडल हुन् लामिछाने । कहिले टेलिसिरियल त कहिले म्यूजिक भिडियोमा उनको व्यस्तता देख्न पाइन्छ । विभिन्न प्रोडक्टको विज्ञापनमा समेत उनको मोडलिङले स्थान पाएको छ । नाम र दाम सँगसँगै आउने पेशाका रूपमा उनले मोडलिङलाई पछ्याएकी हुन् ।

पछिल्लो समय लामिछानेले विभिन्न गीति भिडियो, टेलिसिरियल र लघुचलचित्रमा अभिनय गरिसकेकी छन् । म्यूजिक भिडियोको दुनियाँमा उनी निकै रूचाइएकी मोडेलसमेत हुन् । लोकदोहोरी, आधुनिक, पप विधाका म्यूजिक भिडियोमा उनी निर्देशकको नजरमा पर्ने गर्छिन् ।

चितवनको कालिका नगरपालिका वडा ५ पदमपुर घर भएकी सजिना एक दशकभन्दा लामो समयदेखि अभिनयको यात्रामा छिन् । अर्थात् मोडलिङमा निरन्तर सक्रिय रहेकी छन् । संघर्षबाट सफलता मिल्छ भन्ने विश्वासका साथ मोडलिङमा होमिएकी उनी यतिखेर भने लोकप्रियता हासिल गर्ने क्रममा पुगेकी छन् । सानै उमेरदेखि कलाकार बन्ने सपना बोकेकी उनले नृत्य र अभिनयकलालाई सँगसँगै लिएर अगाडि बढेकी हुन् । कलाकारितामा आफ्नो अभिनय शील्पलाई कथाअनुसार पोख्न सफल भएकी मोडल लामिछाने समयअनुसार चल्न सक्ने मोडलका रूपमा चिनिन्छिन् । त्यसो त मोडल लामिछानेको गीतसंगीतको बजार व्यवस्थापन गर्ने कम्पनीसमेत रहेको छ । सम्मान डिजिटल क्रियशन म्यूजिकबाट उनले गीतसंगीतको उत्पादन, बजार व्यवस्थापन गर्ने काम गर्छिन् । अरूको अडियो भिडियो निर्माणमा लगानीसमेत गर्ने गरेकी उनले कम्पनीमार्फत आम्दानीको स्रोत बलियो बनाएकी छन् भने आफैं मोडलिङ गरेर पनि आम्दानी राम्रै गर्ने गर्छिन् ।

मोडलिङ आफ्नो रूचिको विषय भएको बताउने लामिछाने गीतसंगीत क्षेत्रमा राम्रो दख्खल राख्ने गर्छिन् । अभिनय कलालाई गीत अनुसारको म्यूजिक भिडियोमा आफूलाई समाहित गराउन उनी खप्पिस छन् । कथाअनुसार निर्देशकीय क्षमता जसरी प्रस्तुत हुन्छ त्यसलाई न्याय दिनु मोडलको काम हो, उनले भनिन्– 'मेरो काम कथाअनुसार जीवन्त अभिनय गर्नु हो ।' अरूका गीतमा आफैं लगानी गरिदिएर कम्पनीमार्फत बजार व्यवस्थापन गर्नु र आफू अरूको भिडियोमा खेलेर आम्दानी गर्नु मेरो व्यवसाय र कर्म हो सजिनाले भनिनु ।






छोडी जाने निष्ठुरी, आफ्नु मनलाई आफैले समाल न सानू, सानू तिम्रो गाउँ, नगर न चिसो मेरो मन, देखायौ नि मायामा, परदेशीको पीडा, रूदै पर्खेर, भन्दिन म दुःखमा सबै रूनुपर्छ, भन्थ्यौ नि मायाले पिर नगर सानू तथा तीज, दशैं लगायतका थुप्रै गीतमा अभिनय गरेकी छन् । उनले अभिनय गरेको भिडियो 'पैसाको बिटो'बाट निम अवार्ड २०२२ मा उत्कृष्ट मोडल जुरी अवार्ड प्राप्त गरेकी छन् । उनले यसअघि सगरमाथा म्युजिक अवार्ड २०७६, दोस्रो अन्तर ाष्ट्रिय छायाँछवि अनर अवार्ड २०७६ समेत प्राप्त गरेकी छन् । भर्खरै सम्पन्न ११ औं म्यूजिक खबर म्यूजिक अवार्डमा निर्णायकको भूमिका समेत निर्वाह गरेकी उनले विभिन्न अवार्ड तथा सम्मान पनि प्राप्त गरेकी छन् । त्यसो त मोडल सजिनाले अपठ्यारोमा परेका सबैलाई सहयोग गर्दै आएकी छन् । समाजसेवामा पनि आफ्नो आम्दानीको केही प्रतिशत लगाउँदै आएकी उनले मुलुकमा भैपरी आउने अप्ठ्यारोहरूमा सहयोग प्रदान गर्दै आएकी छन् ।

– कर तिरी सभ्य नागरिकको परिचय दिऔं ।
– नक्सा पास नगरी घर निर्माण नगरौं ।
– जन्म, विवाह र मृत्य दर्ता गर्ने बानी बसालौं ।

गोकर्णेश्वर नगरपालिका
नगरपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं

म्यूजिक खबर पाक्षिकका लागि प्रकाशक/सम्पादकः सविता पोखरेल (९८४१७१०७५१), प्रधान सम्पादकः सुमन बैरागी (९८५१००७४३०), निर्देशकः मिलन मोक्तान (९८५१०२३५७६)
कार्यालयः रेडन सामाखुशी, काठमाडौं । फोनः ०१-४०१०५४५ इमेलः musickhabar.com@gmail.com, musickhabarnews@gmail.com, मुद्रणः लक्ष्मी गणेश प्रेस प्रा.लि. बागबजार काठमाडौं